बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड ४ बर्ष ४ अंक ९ मिति : पुस ९ गते २०७७

स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग -२

# साना कृषि मेसिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि– २०७७

**कार्यपालिकाबाट पारित मितिः २०७७।०८।३०**

**पृष्ठभूमिः**

बुद्धभूमि नगरपालिका भित्र रहेका व्यवासायिक कृषक उधमि, कृषक समुह तथा कृषि सहकारीलाई व्यवसायिक कृषि पेशामा आवद्धगरि आय आर्जन गर्न तथा बुद्धभूमि नगरपालिकामा कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि तथा उत्पादन लागत कम गर्न साना मेसिनरी उपकरण अनुदान कार्यक्रमलाइ व्यवस्थीत सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न स्थानिय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) बमोजिम तथा बुद्धभूमि नगरपालिकाको प्रशासकीय कार्याविधि नियमित गर्ने ऐन २०७५ बमोजिम कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकासन भए पछि लागु हुने छ।

**१. प्रारम्भिकः**

**क) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **''साना मेसिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि, २०७७''** रहेको छ।

२. यो कार्यविधि बुद्धभूमि नगर कार्यपालिका वाट स्विकृत भएपछि लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ **''कार्यालय''** भन्नाले बुद्धभूमि नगरपालिकाको कार्यालय सम्झनु पर्नेछ।

२.३ **''कृषि विकास शाखा''** भन्नाले बुद्धभूमि नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्ने छ।

२.२ **''कार्यविध''** भन्नाले, **''साना मेसिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि, २०७७''** रहेको छ।

२.३ **''साना मेसिनरी''** भन्नाले मिनि टिलर, पावर टिलर, इलेक्टीक कर्न सेलर ,वाकिङ रिपर, पावरटिलर रिपर, पराल काटने मेसिन, इलेक्टीक स्प्रेयर तथा ड्रिल मेसिन भन्ने बुझिने छ।

**३. उद्देश्यः**

यस कार्यविधीका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखि बाट परिणाममुखि तर्फ लैजाने ।

३.२ व्यवसायिक कृषि मा कृषि यन्त्रको प्रयोग गरि उत्पादन लागत कम गरि कृषि पेशालाई व्यवसायिक तथा प्रतिस्पर्धा बनाउने ।

३.३ रोजगारीको सृजना गर्ने /गराउने ।

**४. कार्य संचालन र प्रक्रियाः**

४.१ नगरपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने व्यवसायिक कृषि फर्म, कृषक समुह तथा कृषि सहकारी लागि १५ दिनको प्रस्ताव आव्हवान हुनेछ ।

४.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ४.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक कृषक समुह÷कृषि फार्म र कृषि सहकारीले तोकिएको म्याद भित्र र्निधारित ढाँचा वमोजिमको निवेदन नगरपालिकाको कार्यालयमा दिनुपर्ने छ ।

४.३ छनौटको मापदण्ड

क) व्यवसायिक कृषि पेशा अपनाएको ।

ख) कम्तीमा १ बर्ष अघि देखि नगरपालिका तथा सरोकारवाला निकायमा दर्ता भई कृषि कार्य गरि रहेका व्यवसायिक कृषि फर्म, कृषक समुह तथा कृषि सहकारीलाई प्राथमिकता दिइने छ ।

ग) कम्तीमा ५० प्रतिशत लगानी गर्न सक्ने ।

घ) खरिद गरेको मेसिनरीको अधिकतम प्रयोग गर्न सक्ने प्रतिवद्धता पेश भएको ।

ङ) हाल सम्म नगरपालिकाबाट सोहि प्रकृतिको अनुदान नपाएको ।

च) प्राविधिक रुपले उपयुक्तता ।

छ) माग गरेको मेसिनरी सम्वन्धी सामान्य ज्ञान भएको ।

ज) वडा कार्यालयको सिफारिस संलग्न गरेको ।

झ) समुह/ सहकारीको हकमा सक्रिय रहेको ।

ञ) सामुहिक खेति गर्ने कृषि फर्म/कृषक समुह/कृषि सहकारीलाई प्राथमिकता दिइने छ ।

४.४ वडा कार्यालयवाट सिफारिस भई आएका कृषकहरु आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उप - प्रमुख | सहसंयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

| | |
|---|---|
| आर्थिक विकास समिति संयोजक वा सदस्य | सदस्य |
| कार्यपालिका सदस्य मध्ये १ जना | सदस्य |
| लेखा प्रमुख/सहायक | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार आमन्त्रीत सदस्य बोलाउन सकिने छ।

४.५ कार्यालयले बुँदा नं. ४.३ अनुसार कृषि विकास शाखा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका कृषहरुलाई छनोट गरी नगरपालिकामा पठाउनु पर्ने छ।

४.६ उपदफा ४ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन नगरपालिका समक्ष सिफारिस पेश गर्ने छ।

४.७ अनुदानको लागि छनौट भएका कृषकहरुले नगरपालिकाको सम्झौता फाराम बमोजिम सम्झौता गर्नु पर्नेछ।

४.८ सम्झौता पछि उपभोक्ताले व्यर्होने रकम नगरपालिकाको खातामा जम्मा गर्नु पर्ने छ वा सप्लाई गर्ने सम्वन्धीत फार्म/कम्पनीलाई कवुल अंकको वा ठेक्का अंकको ५० प्रतिशत रकम बुझाउनु पर्ने छ।

**५. साना मेसिनरी अनुदान कार्यक्रमको लागि प्रस्तावित आर्थिक आधार :** उपलव्ध गराइने साना मेसिनरीहरु मिनि टिलर, वाकिङ रिपर, रिपर, इलेक्ट्रीक कर्न सेलर मेसिन, पराल काटने मेसिन, पावर स्प्रेयर आदीमा कार्यालयको तर्फबाट ५० प्रतिशत र उपभोक्ताको तर्फबाट ५० प्रतिशत लगानी रहने छ।

**६. खरिद प्रकृया:** प्रतिस्पर्धात्मक खरिद विधि द्धार साना कृषि यन्त्र खरिद गरि छनौट भएकाहरुलाई हस्तांतरण गरिने छ।

### ७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था

यस कार्यक्रमको अनुगमन बुद्धभूमि नगरपालिका को अनुगमन समिति गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन बुद्धभूमि नगरपालिकामा पेश गर्नु पर्ने छ।

### ८. थपघट वा हेरफेर गर्न सक्ने

८.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ।

८.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

८.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगरपालिकाले गर्न सक्नेछ।